तिलागुफा नगरपालिका

# तिलागुफा नगर कार्यपालिकाको कार्यालय

कालिकोट जिल्ला, कर्णाली प्रदेश

मिति : ०७६।०४।०५

## मिति ०७६।०४।०५ मा बसेको नगर कार्यपालिका बैठकका निर्णयहरु

**निर्णय नं.०१ : करार सेवामा नियुक्त हुने कर्मचारीहरुको मासिक पारिश्रमिक सम्वन्धमा :** आ.व.०७६/७७ मा यस नगरपालिकामा करार सेवामा खटिने कर्मचारीहलाई देहाय बमोजिम मासिक पारिश्रमिक दिने गरी आपसी करार सम्झौता गर्ने :

| कर्मचारीको तह/स्तर | मासिक पारिश्रमिक दर |
|---|---|
| (क) छैटौ तह | ३०००० (तीसहजार) |
| (ख) पाँचौ तह | २५००० (पच्चीस हजार) |
| (ग) चौथो तह | २०००० (वीसहजार) |
| (घ) हलुका सवारी चालक | १९००० (उन्नाइसहजार) |
| (ङ) कार्यालय सहयोगि | १४००० (चौधहजार) |
| (च) स्वीपर | ६००० (छहजार) |

**निर्णय नं.०२ : कार्यालय सहयोगि पदमा करार सेवामा नियुक्त गर्ने विज्ञापन गर्ने सम्वन्धमा :** नगरकार्यापालिकाको कार्यालयमा आवश्यक पर्ने कार्यालय सहयोगि पदमा करारमा कर्मचारी नियुक्त गर्न विज्ञापन प्रकाशन गर्ने प्रकृया अघि बढाउने ।

**निर्णय नं.०३ : इञ्जीनियरिंग सेवा तर्फका प्राविधिकहरुसँग करार सम्झौता गर्ने :** गत आ.व.०७५।७६ मा करारमा काम गरिरहेका इञ्जीनियरिंग सेवा तर्फका प्राविधिकहरुसँग चालु आ.व.०७६।७७ को असौज मसान्तसम्मको अवधिका लागि स्थायी कर्मचारी खटि आएमा जुनसुकै वखत हट्ने, नगरपालिकालाई सेवा आवश्यक नपरेमा १५ दिनको अग्रिम सूचना दिई जुनसुकै वखत हटाउन सक्ने शर्तमा नगरपालिकासँग करार गर्न इच्छुक कर्मचारीसँग निवेदन लिई आपसी करार सम्झौता गर्ने :

**निर्णय नं.०४ : खल्लागाड पुलमा सडक चालु गर्दा लागेको मर्मत खर्च अनुमोदन गर्ने :** गत आ.व.०७५।७६ को अन्तिममा कर्णाली कोरिडोरको खल्ललागाडमा बनेको नयाँ पुलमा सडक अवरुद्ध भै सवारी जाम हुँदा सो बाटो संचालन गर्न लागेको प्राविधिक ल.इ. बमोजिमको खर्च रकम रु. २,५७,००० अनुमोदन गर्ने ।

**निर्णय नं.०५ : महादेव मावि फोइकोटको वार्षिकोत्सवमा मेयरकप संचालन गर्ने :** यस नगरपालिका अर्न्तगत वडा नं. ३ स्थित महादेव मावि र्फोइकोटको वार्षिृकोत्सवमा संचालन हुने खेलमा विद्यालयसँगको साझेदारीमा मेयर कप संचालन गर्ने ।

**निर्णय नं.०६ : कामखेत पिको हाइड्रो मर्मतका लागि सहयोग गर्ने :** यस नगरपालिका अर्न्तगत वडा नं. ९ कामखेत स्थित कामखेत पिको हाइड्रो मर्मतका लागि सम्वन्धित् उपभोक्ता समितिलाई नगरपालिकाको विपद व्यवस्थापन कोषबाट रु. एकलाख रकम सहयोग गर्ने

**निर्णय नं.०७ : विजुलीका पोल ढुवानी खर्च रकम सम्वन्धमा :** यस नगरपालिकासँग सम्झौता नगरी तथा कार्याआदेश नलिई विभिन्न समयमा विभिन्न व्यक्तिले पोल ढुवानी वापत भनी माग गरेको खर्च रकम नगरपालिकाबाट नब्यहोरिने /भुक्तानी नगर्ने

**निर्णय नं.०८ : रुरुवञ्चु पर्यटन क्षेत्र निर्माण आयोजना सम्वन्धी कामको ठेक्का** (RTPCW/KKT/NCB/01/2075/076 ) **छानविन समितिको प्रतिवेदन पेश सम्वन्धमा :** यस नगरकार्यपालिकाले मिति ०७६।०३।१६ मा निर्णय गरी नगरकार्यपालिका सदस्य श्री खड्गबहादुर शाहीको संयोजकत्वमा गठन गरेको रुरुवञ्चु पर्यटन क्षेत्र निर्माण आयोजना सम्वन्धी कामको ठेक्का विवाद सम्वन्धी अधिकारसम्पन्न छानविन समितिले तयार गरेको प्रतिवेदन नगरप्रमुखज्यूसमक्ष पेश भै नगरकार्यपालिकामा छलफल हुँदा देहाय बमोजिम निर्णय भयो :

(क) छानविन समितिबाट पेश भएको सक्कल प्रतिवेदन नगरप्रमुख श्री रत्नबहादुर शाहीको जिम्मामा रहने

(ख) थप अनुसन्धान र कारवाहीका लागि उक्त प्रतिवेदन नेपाल प्रहरीको अपराध अनुसन्धान महाशाखामा पठाउने

**निर्णय नं.०९ : विदा सम्वन्धमा :** यस नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री उध्दबप्रसाद रिजाल विदामा बस्नुहुने भएकाले निजको विदा स्वीकृतिका लागि संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा सिफारिस गर्ने ।

निर्णय प्रमाणीकरण

उद्धबप्रसाद रिजाल
प्रमुख प्रशासकीय अधिकृत